त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञानअध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

## पशु चिकित्सा स्नातकोत्तर तहमा विद्यार्थी भर्नासम्बन्धी सूचना ।

प्रकाशित मिति २०७९/१२/२७ गते ।

यस अध्ययन संस्थानको मिति २०७९/१२/२४ गते बसेको भर्ना समितिको निर्णय अनुसार Veterinary Theriogenology विषयमा IDF कोटामा भर्ना भएका २ जना विद्यार्थीहरुले भर्ना रद्द गरी रिक्त हुन आएका २ वटा IDF कोटामा नयाँ विद्यार्थी भर्ना गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### १. भर्ना प्रक्रिया सम्बन्धमा:

प्रवेश परीक्षा उत्तिर्ण भएकाहरु मेरिट सूची अनुसार भर्नाको लागि योग्य हुनेछन् । हरेक कार्यक्रममा भर्ना हुनको लागि तपसिलमा तोकिए वमोजिको विद्यार्थीहरु दिउँसोको ठीक १:१५ बजे यस अध्ययन संस्थान, डीनको कार्यालय, डीनको कार्यालय, कीर्तिपुरमा उपस्थित हुनु पर्नेछ ।

| क्र.सं. | डिग्री कार्यक्रम | मिति | उपस्थित हुने पर्ने मेरिटक्रम |
|---|---|---|---|
| १ | पशु चिकित्सा (M.V.Sc.) | २०७९/१२/२९ गते | मेरिट सूचीमा परेर यस अघिको Counseling उपस्थित नभएकाहरु । |

नोट: समकक्षता र स्थानान्तरण प्रमाणपत्र (Equivalent & Migration Certificate) भर्नाको दिनमा बुझाउँन नसक्नेको हकमा मिति २०७९/१२/३० गतेभित्र बुझाउन सकिनेछ ।

### २. भर्नासम्बन्धी कागजातहरु:

भर्ना हुन आउँदा तल उल्लेखित सक्कल कागजात रुजु गराउनु पर्नेछ । कुनैपनि प्रमाणपत्रको प्रतिलिपि भर्ना प्रयोजनको लागि मान्य हुने छैन । भर्नाको लागि विद्यार्थी स्वयम उपस्थित हुन पर्नेछ ।

क) रकम जम्मा गरेको वैंक भाउचर ।
ख) नेपाली नागरिकताको सक्कल प्रमाणपत्र ।
ग) स्नातक तहको लब्धाङ्कपत्र (Transcript) । आवश्यक परेको खण्डमा १०+२ वा सो सरहको लब्धाङ्क पत्र समेत माग गर्न सकिनेछ ।
घ) स्नातक तहको प्रमाणपत्र (चारित्रिक वा प्रोभिजनल वा मुल प्रमाणपत्र) । नेपाल वाहिरका विश्वविद्यालयको हकमा चारित्रिक प्रमाणपत्र मान्य हुने छैन ।

### ३. भर्ना शुल्क:

भर्ना शुल्क रु. **६१,७७०/-** र अध्ययन संस्थान विकास शुल्कको प्रथम किस्ता रु. १,००,०००/- गरी जम्मा रु. **१,६१,७७०/-** नेपाल बैंक लिमिटेडको कृ.प.वि.अ.सं. पी.जी. खाता ०४५००१००१०५३९९००००१ मा जम्मा गरी सोको सक्कलै भौचर भर्नाको समयमा बुझाउँनु पर्नेछ ।

प्रा.भार्गव धिताल
डीन